# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

अर्थ मन्त्रालयका सचिव श्री लोकबहादुर श्रेष्ठ विश्व बैंकसंग ऋण वार्ता गर्न वाशिंगटनतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि उक्त सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री शशिनारायण शाहलाई मिति २०४६।२।१ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## कृषि मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारको मिति २०४५।८।९ को निर्णयानुसार देहायका व्यक्तिहरूलाई एक वर्षको परीक्षणकालमा रहने गरी नेपाल कृषि सेवा, एग्रोनोमी समूह, राजपत्रांकित तृतीय श्रेणी, सहायक बालीविज्ञको पदमा नियुक्ति गरी यस मन्त्रालयको पूल दरबन्दीमा पदस्थापन गरिएको छ ।

| सि.नं. | नाम, थर |
|---|---|
| १. | अनुपलाल शाह |
| २. | उमाशंकर शाह |
| ३. | रामानन्द कुर्मी |

## सूचना २

श्री ५ को सरकारको मिति २०४५।९।२९ को निर्णयानुसार श्री रामसुन्दर कसपाललाई नेपाल कृषि सेवा, एग्रोनोमी समूह, रा. प. तृतीय श्रेणी, सहायक बाली विज्ञको पदमा बढुवा गरी यस मन्त्रालयको पूल दरबन्दीमा पदस्थापन गरिएको छ ।

आज्ञाले,
अक्रूरनरसिंह राणा
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।